नेपाल राष्ट्र बैंक
विदेशी विनिमय व्यवस्थापन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौँ ।
फोन नं.: ५७१९६४४/६४५/६४६
एक्सटेन्सन १५०१
पोष्ट बक्स: ७३
Email: fxmd_policy@nrb.org.np

इ.प्रा. परिपत्र संख्या : १२/२०८२-८३

मितिः २०८३/०२/२६

श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग विभागलगायत सम्पूर्ण प्रदेशस्थित कार्यालयहरु,
श्री विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,
श्री विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त सम्पूर्ण निकायहरु ।

विषय : एकीकृत परिपत्र-२०८२ मा संशोधन गरिएको सम्बन्धमा ।

महाशय,

विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त निकायलाई जारी गरिएको एकीकृत परिपत्र-२०८२ लाई देहायबमोजिम संशोधन/परिमार्जन/थप गरिएको हुँदा सोहीबमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

क्र.सं.	एकीकृत इ.प्रा. परिपत्र	खण्ड/ दफा/ बुँदा	विद्यमान व्यवस्था	संशोधित व्यवस्था
१	८/ २०८२	१ (ङ) मा (ओ) थप	*(हाल नभएको)*	**विदेशमा अध्ययन गर्न जाने वा अध्ययनरत विद्यार्थीको भिसा प्राप्ति वा नवीकरण र निर्वाह खर्चको लागि सम्बन्धित मुलुकको राजदूतावास वा सरकारी निकायले विद्यार्थीको खाता/नाममा यस बैंकले तोकेको परिवर्त्य विदेशी मुद्राको सूचीमा नरहेको आफ्नो स्थानीय मुद्रामा निश्चित रकम देखाउनु पर्ने प्रावधान रहेको पुष्टि हुने कागजातको आधारमा आवश्यक रकमको सटही उपलब्ध गराउन सकिनेछ । यसरी सटही उपलब्ध गराउँदा विनिमय दरको उतारचढावको कारण लाग्ने थप खर्च रकमको यकिन हुन नसक्ने अवस्थामा पठाउनुपर्ने रकमको बढीमा ५ प्रतिशतसम्म थप गरी अमेरिकी डलर वा अन्य परिवर्त्य विदेशी मुद्रा पठाउन सकिनेछ ।**
२	२८/ २०८२	२० थप	*(हाल नभएको)*	**यस एकीकृत परिपत्र-२०८२ बमोजिम पेश गर्नुपर्ने कागजात सक्कलै हुनुपर्ने उल्लेख भएतापनि विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ वा उक्त ऐन अन्तर्गत बनेको नियममा उल्लिखित प्रक्रिया पूरा गरी डिजिटल हस्ताक्षरद्वारा प्रमाणित गरिएको कागजातलाई समेत मान्यता दिनुपर्नेछ ।**

भवदीय,

(बुद्ध राज शर्मा)
का.मु.कार्यकारी निर्देशक

बोधार्थ:

१) श्री गभर्नरको कार्यालय ।
२) श्री डेपुटी गभर्नरको कार्यालय ।
३) नेपाल सरकार, परराष्ट्र मन्त्रालय ।
४) नेपाल सरकार, लगानी बोर्डको कार्यालय ।
५) नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा ।
६) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग विभाग ।
७) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय ।

नेपाल राष्ट्र बैंक
विदेशी विनिमय व्यवस्थापन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं।
फोन नं.: ५७१९६४४/६४५/६४६
एक्सटेन्सन १५०१
पोष्ट बक्स: ७३
Email: fxmd_policy@nrb.org.np

८) श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग।
९) श्री नेपाल राष्ट्र बैंक, भुक्तानी प्रणाली विभाग।
१०) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
११) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग।
१२) श्री नेपाल राष्ट्र बैंक, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग।
१३) श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखापरीक्षण विभाग।
१४) श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा।
१५) श्री नेपाल उद्योग वाणिज्य महासंघ।
१६) श्री नेपाल उद्योग परिसंघ।
१७) श्री नेपाल चेम्बर अफ कमर्स।
१८) श्री नेपाल बैंकर्स संघ।
१९) श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन।
२०) श्री वित्तीय संस्था संघ।
२१) श्री लघुवित्त बैंकर्स संघ।